बैठक संख्या १२

मिति २०७७।०२।१३ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको १२ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर

२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर

३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सुर्यविनायक व्यारेक

४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर

५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण

६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर

७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल

८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल

९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

१०.प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण

२. भारतबाट फर्कने भक्तपुर निबासि नागरिकहरूको व्यवस्थापन सम्बन्धमा

३. संक्रमितहरुको कन्ट्याक्ट ट्रेसिङ

४. विविध

निर्णय

१. भक्तपुर जिल्लामा हालसम्म ४ जना कोरोना संक्रमित देखिएकोमा २ जना कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइ सकिएको । बाँकी दुई जना हाल सुरक्षित रुपमा अस्पतालमा रहेकाले सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुनः अनुरोध गर्ने ।

२. हाल संक्रमण देखिएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरूको ट्रेसिङ गरी स्वास्थ्य परीक्षण भईसकेकोले ति व्यक्तिहरूको नतिजा नआउन्जेलसम्मलाई घरमै आईसोलेसनमा राख्ने ।

३. हालसालै भारतबाट नेपाल प्रवेश गरेका र आउने दिनमा नेपाल प्रवेश गर्ने भक्तपुर निवासी नेपाली नागरिकहरूलाई क्वारेन्टाइनमा राख्ने व्यवस्थाका लागि स्थानीय तहहरूलाई आग्रह गर्ने तथा आवश्यक सहजीकरणका लागि सुरक्षा निकायहरूलाई परिचालन गर्ने ।

४. भक्तपुर जिल्लामा कोरोना संक्रमणको कारणबाट कसैको मृत्यु भएमा जिल्ला स्थित स्वास्थ्य निकायहरू, सम्बन्धित स्थानीय निकायको समन्वय र सहयोगमा जिल्ला स्थित सुरक्षा निकायले नेपाल सरकारले गरेको मापदण्डअनुसार शव व्यवस्थान गर्न पशुपति विकास कोषको विद्युतीय शव दाह गृहसँग समन्वय गरी आवश्यक तयारी गर्ने ।

५. अस्पताल भर्ना गरिएका बिरामीहरूको उपचारको सिलसिलामा स्वाब परीक्षण गर्दा कोभिड-१९ PCR पोजेटिभ देखिएमा अस्पतालनै सिल नगरी उपचाररत विरामीलाई आईसोलेसन कक्षमा राखी उपचार गर्ने, उपचारमा संलग्न चिकित्सक र सम्पर्कमा आएका व्यक्तिहरूलाई आवश्यकता अनुसार क्वारेन्टाइन वा आइसोलेसनमा राखी अस्पतालको सेवा नियमित रुपमा संचालन गर्ने व्यवस्थाका लागि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, छाउनी काठमाडौंबाट प.सं. ०७६/७७/२० मिति २०७७।०२।१२ को पत्रबाट निर्देशन भई आए बमोजिम गर्न गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

६. जिल्लामा कोभिड-१९ बाट संक्रमितहरूसँग सम्पर्कमा रहेका र संक्रमणका लक्षणहरू देखिएका मानिसहरूको नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने ।